स्थानीय सरकार
घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल

## वोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०८२/०६/०८

घोराही उपमहानगरपालिका क्षेत्र भित्र तपशिल वमोजिमको कार्य गर्न आ.व. २०८२/०८३ देखी १० वर्षको लागि ठेक्का बन्दोबस्त गर्न विद्युतीय दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । मान्यता प्राप्त योग्य इच्छुक संस्था/फर्म/कम्पनीले निर्धारीत समय भित्र विद्युतीय माध्यमवाट मात्र रितपुर्वक दरभाउपत्र पेश गर्नुहुन जानकारी गराइन्छ ।

**विद्युतीय माध्यमवाट** दरभाउपत्र **पेश गर्दा लागुहुने शर्तहरु**

१) यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र दरभाउपत्र खरिद दस्तुर रु १०००(पछि फिर्ता नहुने गरी) तपशिल बमोजिमको विवरण अनुसार जम्मा गरी भौचर स्क्यान गरी अपलोड गर्नुपर्नेछ । यो सूचना www.ghorahimun.gov.np वाट समेत डाउनलोड गर्न सकिनेछ ।

**तपशिल**

| खाताको नाम | खाता नं | राजश्व शिर्शक नं | बैंकको नाम | वेवसाइट | Public Entity |
|---|---|---|---|---|---|
| घोराही उ.म.न.पा. आन्तरिक राजस्व खाता | ०२७०३०००००१००१००००००१ | १४२२९ | नेपाल वैंक लि. घोराही शाखा | www.bolpatra.gov.np/egp | Ghorahi Sub Metropolitan City,Dang |

२) दरभाउपत्र साथ पेश भएको जमानत वापतको रकम दरभाउपत्र दाताले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड,घोराही उप महानगरपालिकाको धरौटी खाता नं ०२७०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैङकवाट “क” वर्गको इजाजत प्राप्त वैङक वाट घोराही उपमहानगरपालिकाको नाममा जारी भएको, दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट ७५ दिन सम्म म्याद भएको विड सेक्युरिटी (विडवण्ड) वोलपत्र साथ अपलोड गर्नुपर्नेछ ।

३) विद्युतीय खरिद प्रणाली (E-Bidding) वाट मात्र दर्ता भएका दरभाउपत्र हरु सोही दिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा घोराही उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनी दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४) कालो सूचिमा नपरेको, हालसम्म पाँच वटा ठेक्का सम्झौता नभएको स्वयं घोषणापत्र तथा संस्था/फर्म/कम्पनीका आवश्यक कागजातहरु र २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र दरभाउपत्र साथ अनिवार्य अपलोड गर्नु पर्नेछ ।

५) संयुक्त उपकम (Joint Venture) को माध्यमवाट काम गर्ने व्यवसायीले संयुक्त लगानी सम्वन्धि सम्झौता पत्र पेश गर्नु पर्नेछ र संयुक्त उपकममा बढिमा ३ (तीन) वटा फर्महरुले संयुक्त रुपमा भाग लिन सक्नेछन । सम्झौता पत्रमा कामको विवरण र शेयर खुलेको हुनुपर्नेछ ।

६) दरभाउपत्र सम्वन्धि अन्य कुरा वुझ्नु परेमा घोराही उपमहानगरपालिका वा फोन ०८२-५६३२७३, सम्पर्क राख्न सकिनेछ ।

७) सम्वन्धित व्यावसाय गर्न सम्वन्धित निकाय वाट इजाजत लिएको कागजात दरभाउपत्र साथ अनिवार्य पेश गर्नुपर्नेछ ।

८) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामवाट दाखिला गर्न पाईने छैन ।

९) ठेक्का सम्झौता भएको मितिले २ (दुई) वर्ष पश्चात प्रत्येक वर्ष १० प्रतिशतको दरले राजश्व रकम वृद्धी हुनेछ ।

१०) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक दरभाउपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार घोराही उपमहानगरपालिकामा सुरक्षित रहनेछ तथा उल्लेखित शर्तहरु रीतपूर्वक नभएको दरभाउपत्र स्वत खारेज हुनेछ ।

११ ) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) र विद्युतीय खरिद प्रणाली निर्देशिका,२०८० बमोजिम हुनेछ ।

**कामको विवरणहरु :**

| सि.नं | ठेक्का नं | जलाशयको नाम | न्यूनतम अनुमानीत रकम ( भ्याट वाहेक) | विड सेक्युरिटी रकम (५) प्रतिशत | | वोलपत्र दस्तुर (पछि फिर्ता नहुने) |
|---|---|---|---|---|---|---|
| 1. | NCB/REVENEW/GSMC/03/082/083 | चेपे कृत्रिम जलाशय | ५,३०,९७३।४६ | २७,०००।०० | यो न्यूनतम रकम हो । वोलपत्रदाताले आफुले कवोल गरेको अंकको ५ प्रतिशत अनिवार्य राख्नुपर्नेछ । | 1000 |

जलाशय सम्वन्धी थप विवरण

| क.स. | जलाशयको नाम | जलाशयको जि.पि.एस. कोर्डीनेट | जलाशयको क्षेत्रफल | गहिराई | सम्भावित कार्यहरु |
|---|---|---|---|---|---|
| १ | चेपे कृत्रिम जलाशय | 27.984476 & 82.548580 | ३७६०० वर्गमिटर | ९ मिटर (औसत) | माछापालन, डुङ्गा संचालन, पर्यटन संग सम्वन्धित कार्यहरु इत्यादी |

प्रमुख प्रशासकीय अधिकृत